का.जि.प्र.का.द.नं. १००/०५९/६०

६ असार २०८१,
बिहीबार
20 June 2024,
Thursday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २२, अंक १२८ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# निमुखाहरू सडकमा

कबाड व्यावसायी र दुध किसानहरु काठमाडौं केन्द्रित प्रदर्शनमा छन् । कोही 'गरी खान देउ' भन्दै छन्, कोही दुधको भुक्तानी माग्दै छन् ।



■ **महेश बर्तौला**
प्रमुख सचेतक, एमाले

कृषि मन्त्रालय, अर्थ मन्त्रालय र प्रधानमन्त्रीको ध्यानाकर्षण गराउँछु । अविलम्ब दुध किसानको भुक्तानी गरियोस् ।



■ **प्रभु साह**
अध्यक्ष, आजपा

म गृहमन्त्रीको जवाफ चाहन्छु । कबाड व्यावसायीले शान्तिपूर्ण जुलुस गर्ने हक प्रयोग गर्न पाउँछन् कि पाउँदैनन् ? पाउँछन् भने लाठीचार्ज किन ?




**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ५ असार ।

मंगलबार र बुधबार काठमाडौंको सडकमा फरक-फरक समूह देखा परे । कबाड व्यावसायी 'गरी खान देउ' भन्दै छन् भने र किसानहरु दुधको भुक्तानी माग्दै छन् ।

प्रदर्शनका क्रममा प्रहरीले दमन गरेपछि संसदमा सांसदहरूले निमुखाहरूलाई न्याय दिनुपर्ने भनेर सरकारको ध्यानाकर्षण गरेका छन् ।

दुग्ध विकास संस्थानले किसानको रकम भुक्तानी नगरेको भन्दै दुग्ध किसानहरु आन्दोलित भएका हुन् । उनीहरुले करिब ७ महिनादेखि दुधको रकम भुक्तानी नपाएको भन्दै काठमाडौंको लैनचौरस्थित दुग्ध उत्पादक किसानले दुग्ध विकास संस्थान (डीडीसी) अगाडि धर्ना दिएका छन् ।

किसानहरु डिडिसिमा तालाबन्दी गर्ने भन्दै अगाडि बढेपछि ५० जनाभन्दा बढी दुग्ध किसानालाई नियन्त्रणमा लिएर कालीमाटी प्रहरी वृत्त लगिएको थियो ।

प्रदर्शनकारीहरुका अनुसार वैशाखमा डीडीसी र निजी डेरीले दुधको रकम दिए पनि दुध किसानको बक्यौता भने अझै बाँकी नै रहेको छ । उनीहरु किसानले अझै ४ अर्ब रुपैयाँभन्दा धेरै भुक्तानी पाउन बाँकी रहेको बताइरहेका छन् ।



एमालेका प्रमुख सचेतक महेश बर्तौलाले दुध किसानको भुक्तानीका लागि सरकार गम्भीर हुनुपर्ने बताउँछन्

बुधबार प्रतिनिधि सभामा आकस्मिक समय लिएर उनले काठमाडौंमा आन्दोलन गर्ने भनेर आएका किसानहरूलाई प्रहरीलाई नियन्त्रणमा लिएको भन्दै उनले गृहमन्त्रालयको ध्यानाकर्षण गरे ।

'दुध किसानले आजदेखि काठमाडौंमा आन्दोलन गर्न खोज्दै हुनुहुन्थ्यो । अनुमति लिएर धर्ना गर्दै हुनुहुनथ्यो । तर, प्रहरीहरुले धरपकड गरे । ४५ भन्दा बढी किसानलाई नियन्त्रणमा लिइयो' उनले भने, 'उहाँहरूमाथि मर्यादित व्यवहार पनि भएन भन्ने छ ।'

६ लाख किसानको पाँचदेखि ६ अर्ब भुक्तानी बाँकी रहेको उल्लेख गर्दै उनले भने, 'सरकारको, कृषि मन्त्रालय, अर्थ मन्त्रालय र प्रधानमन्त्रीको ध्यानाकर्षण गराउँछु । दुध किसानको भुक्तानी गरियोस्' उनले भने ।

यता, सडक प्रदशर्नमै रहेका कबाड व्यावसायीमाथि प्रहरीले लाठी चार्ज गरेको छ । 'गरि खान देउ' भन्दै प्रदर्शनमा रहेका नागरिकको आवाज सुन्नुको साटो लाठी चार्ज गरेको भन्दै संसदमा सरकारको आलोचना भएको छ ।

आम जनता पार्टी (आजपा)का अध्यक्ष प्रभु साहले कबाड व्यावसायीमाथि प्रहार भएको लाठीबारे उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेसँग जवाफ पृष्ठ २ मा

# गृहमन्त्री जोडिएको सहकारी प्रदेश मातहत

संघीय सरकार मातहत नपर्ने सहकारी संघले हेर्न नमिल्ने तर्क आएपछि छानबिन विशेष समितिले कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, नेपाल कानून आयोगसँग कानूनी जटिलताबारे परामर्श लिएको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ५ असार ।

उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने जोडिएको भनिएका सहकारीहरू प्रदेश सरकार र स्थानीय सरकार मातहत रहेको पाइएको छ ।

यो सँगै 'सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति' संघीय संसदले ति सहकारीमाथि छानबिन गर्न सक्ने कि नसक्ने भन्ने कानूनी जटिलताबारे छलफलमा जुटेको छ ।

संसदीय छानबिन विशेष समितिले बुधबार कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय,



नेपाल कानून आयोग लगायतका पदाधिकारीहरूसँग कानूनी जटिलताबारे परामर्श लिएको छ ।

समितिको बैठक संसद् भवनस्थित नयाँ वानेश्वरमा बसेको थियो । समितिका सभापति सूर्य थापाले कानूनी स्पष्टता, अधिकार क्षेत्रको बाँडफाँडलगायत विषयमा छलफल भएको बताए ।

'छानबिनको क्रममा आइपर्ने विविध पक्षका सन्दर्भमा कानूनी प्रबन्ध लगायतका विषयमा छलफल गरेका छौं' उनले भने ।

मंगलबार पनि संसद भवन स्थित नयाँ वानेश्वरमै समितिको बैठक बसेको थियो । जहाँ सार्वजनिक रुपमा प्रश्न उठेका भनिएका सहकारीहरु कुन सरकार मातहत रहेको भन्ने विषय उठेको थियो ।

त्यसक्रममा प्रदेश र स्थानीय तह मातहत रहेका सहकारीका सम्बन्धमा संघीय संसदले गठन गरेको संसदीय छानबिन समितिले अध्ययन गर्न मिल्ने कि नमिल्ने भन्ने तर्क प्रस्तुत भएको हो ।

समितिका सदस्य लेखनाथ दाहालका अनुसार मंगलबार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सहकारी विभाग, सहकारी बोर्ड र संकटग्रस्त सहकारी अध्ययन समितिका प्रतिनिधिहरूसँग छलफल भएको थियो । छलफलका क्रममा सांसदहरुले २९ वटा पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### प्रधानमन्त्रीद्वारा वैदेशिक रोजगार क्षेत्रका समस्या समाधानका लागि चासो व्यक्त

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ असार

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले वैदेशिक रोजगार क्षेत्रमा रहेका समस्या समाधानका लागि आफ्नो चासो रहेको बताएका छन् । नेकपा माओवादी केन्द्रको भ्रातृ संगठन वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चले बुधबार बिहान प्रधानमन्त्री निवास बालुवाटारमा दिएको १० बुँदे ज्ञापनपत्र बुझ्दै प्रधानमन्त्री दाहालले उक्त धारणा राखेका हुन् ।

मञ्चले वार्षिक सय जना कामदार नपठाएको अवस्थामा इजाजतपत्र नवीकरण नहुने



समस्या समाधान गरिदिन प्रधानमन्त्री दाहालसँग विशेष आग्रह गरेको छ । मञ्चले बुझाएको ज्ञापनपत्रमा वार्षिक एक पृष्ठ २ मा

### एमाले उद्योग व्यवसाय विशेष जिल्ला कमिटीको नवनिर्वाचित कार्यसमितिलाई सम्मान

**काठमाडौं/मस-** वैदेशिक रोजगार विशेष इलाका कमिटीले नेकपा एमाले उद्योग व्यवसाय विशेष जिल्ला कमिटीका पदाधिकारी तथा सदस्यसहित नवनिर्वाचित कार्यसमितिलाई बुधबार बधाई तथा सम्मान गरेको छ । गत जेठ २६ गते भएको नेकपा एमाले उद्योग व्यवसाय विशेष जिल्ला कमिटीको निर्वाचनबाट अध्यक्षमा गोविन्द प्रसाद धिमिरे, उपाध्यक्षमा माधव भट्टराई, सचिवमा पृष्ठ २ मा



**विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरूरी सूचना**

यस **मध्यान्ह मिडिया प्रा. लि.** मार्फत विभिन्न पत्रपत्रिकामा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका केही विज्ञापनदाताहरुले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम अझै नबुझाउनु भएकोले यही मिति २०८१ असार १५ गतेभित्र भुक्तानी गर्नुहुन सूचित गरिन्छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस प्रा. लि.को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको छुट सुविधासमेत उपलब्ध नगराइने तथा रकम भुक्तानी नगर्ने संस्था/व्यक्तिहरुको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानूनबमोजिम कारबाही अगाडी बढाइने व्यहोरासमेत यसै सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ ।

**लेखा शाखा**
**मध्यान्ह मिडिया प्रा. लि.**
गोगंबु, काठमाडौं
Email: ad.madhyanha@gmail.com

**विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरूरी सूचना**

यस **मध्यान्ह राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका केही विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरुले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम अझै नबुझाउनु भएकोले यही मिति २०८१ असार १५ गतेभित्र भुक्तानी गर्नुहुन सूचित गरिन्छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह राष्ट्रिय दैनिक**को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको छुट सुविधासमेत उपलब्ध नगराइने तथा रकम भुक्तानी नगर्ने विज्ञापन एजेन्सी/संस्था/व्यक्तिहरुको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानूनबमोजिम कारबाही अगाडी बढाइने व्यहोरासमेत यसै सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ ।

**लेखा शाखा**
मध्यान्ह
Madhyanha National Daily राष्ट्रिय दैनिक
कमलपोखरी, काठमाडौं
०१५३२६३६६, ०१५३२८२९८
madhyanhadaily59@gmail.com
ad.madhyanha@gmail.com
www.madhyanhadaily.com

# ग्राहकको चाहनाअनुसार विद्युत आपूर्तिलाई सहज बनाएका छौं : केन्द्र प्रमुख भट्टराई

**सुर्य प्रसाद भुसाल / मध्यान्ह**
अर्घाखाँची, ५ असार

नेपाल विद्युत प्राधिकरण अर्घाखाँची वितरण केन्द्रले जिल्लाभर विद्युत आपूर्ति सहज ढंगले अगाडि बढाएको जनाएको छ । अर्घाखाँची पहाडि जिल्ला भएको कारण पनि विद्युत आपूर्तिमा असह हुने भएकोले अहिले निकै मिहिनेतका साथ जिल्लाको विद्युत आपूर्तिको काम सुधारोन्मुख रहेको प्राधिकरण अर्घाखाँची वितरण शाखाका प्रमुख इन्जिनियर त्रिलोचन भट्टराईले जानकारी दिए ।

भट्टराईका अनुसार अहिले सेवाग्राहीमैत्री विद्युत कार्यालयको रुपमा परिचित हुने गरी सेवाग्राहीको जनगुनासो तत्काल सम्बोधन गर्ने र कार्यालयमा सेवा लिन आउने ग्राहकहरुको समस्या हेरेर १० मिनेटभित्र काम सम्पन्न गर्न निर्देशन दिएकोले सोही अनुसार कर्मचारीले काम गरिरहेका छन् ।

अर्घाखाँची जिल्लामा हालसम्म ९८ प्रतिशत विद्युतीकरण भइसकेको छ । अब २ प्रतिशत ठाउँमा बाँकी रहेकोले ती बाँकी रहेका ठाउँमा समेत विद्युत यसै आर्थिक वर्षमा पूरा गर्ने कार्यालय प्रमुख इन्जिनियर भट्टराईले बताए । चालु आर्थिक वर्ष २०८०/०८१ मा जिल्लाभर ४ सय ८९ ग्राहक थप भएपछि अर्घाखाँची वितरण केन्द्रको मातहतमा ३८ हजार २ सय ३३ पुगेको र अझै केही ग्राहक



बढ्ने छन् ।अर्घाखाँचीमा कूल ग्राहक संख्यामा ३६ हजार ८ सय २५ अर्थात् ९६ प्रतिशत ग्राहक रहेका छन् भने बाँकी औद्योगिक, व्यापारिक क्षेत्रका ग्राहक रहेको प्राधिकरण वितरण केन्द्रका प्रमुख इन्जिनियर भट्टराईले बताए ।

वितरण केन्द्रले यस वर्ष भोल्टेज सुधार कार्यक्रम अन्तर्गत ११ वटा नयाँ ट्रान्सफर्मर जडान गरी (कूल जडित क्षमता ७०० के.भि.ए.) जडान कार्य सम्पन्न भएको र जसमध्ये १ वटा २०० के.भि.ए. ट्रान्सफर्मर जडान गरेको छ।

अर्घाखाँचीमा अहिले विद्युतीय सवारीहरुको चाप समेत बढ्दै गएको छ । विद्युतीय गाडि चार्जिङ स्टेसन जडानका लागि प्राधिकरणले व्यवसायीहरुलाई सहज सुविधा दिने उद्देश्यले सहजीकरण गरिरहेको भट्टराईले बताए ।

अर्घाखाँचीमा विद्युत सुधार अभियान अन्तर्गत २ वटा ५० के.भि.ए.को ट्रान्सफर्मरलाई ५० के.भि.ए.बाट १०० के.भि.ए.मा अपग्रेड गरेपछि ग्राहकलाई थप सुविधा भएको प्राधिकरणको दावी छ। अर्घाखाँचीको शितगंगा नगपालिका वडा नम्बर ९ तिनखण्डे, सिद्दाराको सिलिंगखोला क्षेत्रमा ८ कि.मि. एलटी लाइन विस्तारको काम अन्तिम चरणमा पुगेकाले अब केही दिनमा बत्ति बाल्ने तयारी भइरहेको वितरण केन्द्र प्रमुख भट्टराईले बताए ।

प्राधिकरणले विद्युतीय सुरक्षालाई प्राथमिकता दिँदै जिल्लाभर विभिन्न स्थानहरुमा रहेका जोखिमपूर्ण वितरण ट्रान्सफर्मरहरुमा घेरावार गर्ने काम सम्पन्न गरेको छ । जसअन्तर्गत मालारानी गाउँपालिकामा २४, शितगंगा नगरपालिकामा २०, पाणिनी गाउँपालिकामा ३, सन्धिखर्क नगरपालिकामा ३ र छत्रदेव गाउँपालिकामा ६ गरी ५६ वितरण ट्रान्सफर्मरहरुमा घेरावार कार्य सम्पन्न भएको प्राविधिकहरु बताउँछन्। विद्युत वितरण प्रणालीलाई सुरक्षित तथा जोखिममुक्त बनाउने क्रममा जिल्लाका विभिन्न बजार क्षेत्र र घनावस्ती भएका क्षेत्रहरुमा नाङ्गो तारहरुलाई विस्थापित गरी कालोतार जडान गर्ने काम तीव्र गतिमा अगाडि बढाइएको छ ।

# रोल्पा जलजला समाज कतारको विविध सांस्कृतिक कार्यक्रम सम्पन्न

**तिलु शर्मा पौडेल / मध्यान्ह**
दोहा कतार, ५ असार

रोल्पा जलजला सेवा समाज कतारले विविध सांस्कृतिक कार्यक्रम भव्य रूपमा फूलबारी रेस्टुरेन्टमा सम्पन्न गरेको छ।

इस्लाम धर्मावलम्बीहरूको महान् पर्व इद अल अजाको पावन अवसरमा कतार तथा गृह जिल्ला रोल्पामा आपतकालीन अक्षयकोष सहयोगार्थको लागि कार्यक्रमको आयोजना गरिएको थियो ।

समाजका अध्यक्ष बलराम जैसीको सभापतित्व तथा लुम्बिनी प्रदेश समन्वय परिषद् कतारका संस्थापक संरक्षक कमलमणि गुरागाईंको प्रमुख आतिथ्यतामा उक्त कार्यक्रम सम्पन्न भएको हो ।

कतारमा आफ्नो प्रस्तुति दिन आइपुगेका हास्य कलाकार खडक बहादुर पुन (खबपु) ले तीन चरणमा फरक-फरक विधामा प्रस्तुति दिएका थिए ।

नले मौलिक थाली नाच प्रस्तुत गर्दै साङ्गीतिक प्रस्तुतिको ढोका खोले। दोस्रो चरणमा आफ्नो कमेडी प्रस्तुति लिएर आए। उनले आफ्नो



कमेडीमार्फत देश राजनीति र भ्रष्टाचारलाई प्रहार गरेका थिए ।

नेपाल देश आफैँमा सुन्दर रहेको र भ्रष्टाचारीहरूले देश बिगार्दा ४० लाख बढी नेपाली परदेश बस्नु परेको बताए । आफ्नो प्रस्तुतिमा स्टेजमा आसन ग्रहण गरेका अतिथिलाई लक्षित गर्दै भाषण गर्नेले देश बिगारेको भन्दै समाज मिलाउने नेताको आवश्यक रहेको औँल्याए। तेस्रो पटक स्टेजमा उक्लिएका खबपुले आफ्नो साङ्गीतिक प्रस्तुति राखे । कलाकारहरू हुकुम वि.क, नवीन बाबु, नबिना न्यौपाने, यज्ञ राउत, पूर्ण सिंह गौतम, ईश्वरी केसी, विष्णु भुजेलले गीति नाटकमार्फत छोरो सप्रिन्छ कि भनेर विदेश पठाएको र विदेशमा पनि खराब संगतले झन् बिग्रिएको र उनलाई खोज्दै श्रीमती नेपालदेखि विदेशसम्म आएर एक सामाजिक संस्थाको सहयोगमा उनलाई सुधार गरिएको कथाले सबैको मन जितेको थियो ।

कतारमा स्थापित विभिन्न संघ-संस्थाका प्रमुख तथा प्रतिनिधिसँगै कलाकार पत्रकारहरूको बाक्लो उपस्थितिसहित मन्तव्य रहेको थियो ।

आफ्नो शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि गुरागाईंले दु:ख आपत् विपतमा परेका दिनदुखीहरुको सहयोगका लागि समाजले आयोजना गरेको आपतकालिन अक्षयकोषमा कतारमा रहेका नेपालीहरूलाई जोडिएर सहयोग गर्न आग्रह गरे । समाजका महासचिव गङ्गा बुढामगरले सहजीकरण गरेको कार्यक्रमलाई समापन गर्दै सभापति जैसीले समाजले थालनी गरेको मानवीय तथा परोपकारी आपतकालीन अक्षयकोषमा सबैलाई जोडिन आग्रह गरे ।

समाजका प्रथम उपाध्यक्ष तथा कार्यक्रम संयोजक शिवलाल केसीले स्वागत मन्तव्य तथा कार्यक्रमको बारेमा प्रष्ट पारेका थिए । विधिवत् उद्घाटन ब्यानर अनावरण, दीप प्रज्वलन गरेर अघि बढेको कार्यक्रममा कलाकार कोसेली रोका मगरले स्वागत नृत्य पेस गरेकी थिइन् । कलाकारहरू जिया हमाल, सुस्मिता रोका मगर, सुस्ती लामा, शान्ति ओली, प्रतीक्षा प्रधान, सुमित्रा नेम्बाङ, उर्मिला परियार, जीवन राई,सन्देश सोनी, सुमित्रा भट्टराई, सुरेश बिसी, बाबु कौशल, सुमन राई, कमला गुरुङले आफ्ना साङ्गीतिक प्रस्तुति राखेका थिए ।

कार्यक्रममा साङ्गीतिक प्रस्तुति दिएका कलाकारहरूलाई सम्मान पत्रद्वारा सम्मान गरिएको थियो ।

# सर्जिकल सेन्टरको उद्घाटन

**लालबाबु बानिया / मध्यान्ह**
पर्सा, ५ असार

नेपाल नेत्रज्योति संघ रामकुमार महाबिर प्रसाद केडिया आँखा अस्पताल परवानीपुर वीरगञ्ज शाखा पर्साको छिपहरमाई गाउँपालिका वडा नं.५ भिस्वामा सर्जिकल सेन्टरको उद्घाटन गरिएको छ । बुधबार एक समारोहकाबीच सेन्टरको उद्घाटन गरिएको हो। आफ्नै गाउँ-ठाउँ भिस्वामा रहेको केडिया आँखा अस्पतालको शाखामा शल्यक्रिया हुने आयोजक संस्थाका



सभापति एवं केडिया आँखा अस्पतालका अध्यक्ष राजेश कुमार केडियाले बताए। नेपाल नेत्रज्योति संघ रामकुमार महाबिर प्रसाद केडिया आँखा अस्पतालद्वारा सञ्चालित भिस्वा आँखा उपचार केन्द्रलाई सेवा फाउण्डेसन नेपालको आर्थिक सहयोगमा स्तरोन्नति गरिएको हो ।

भिस्वा शाखामा शुरु भएको शल्यक्रियाबाट नेपाल भारतका जनताहरुलाई सहज र सजिलो साथै पैसाको पनि बचत हुने अध्यक्ष केडियाले बताए । उद्घाटन कार्यक्रमका प्रमुख अतिथि गाउँपालिका उपाध्यक्ष लिलावती देवी, विशिष्ट अतिथि प्रमुख प्रशासकीय अधिकृत शनि कुमार साह, वडाअध्यक्ष मौजीलाल साह कानु, दिपेन्द्र सिंह,रामेश्वर महतो लगायत जनप्रतिनिधिहरुले केडिया आँखा अस्पतालको सर्जिकल सेन्टरलाई सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए। कार्यक्रममा नेपाली कांग्रेसका महाधिवेशन प्रतिनिधि बिशिष्ट नारायण पटेलले आँखा उपचार केन्द्रको शाखाबाट यस क्षेत्रका मात्र नभइ नेपाल-भारतका जनताहरुले लाभ लिने बताए । कार्यक्रममा भारत सिमावर्ती सिकटाका मुखिया राजन चौरसिया, राष्ट्रिय जनता दल युनाइटेडका जिल्ला सचिव मदन पटेलले नेपाल-भारतको सम्बन्ध प्रगाढ रहने बताए ।

## निमुखाहरू....

मागेका छन्। शान्तिपूर्ण आन्दोलन गर्न पाउने संवैधानिक नागरिक हक हनन भएको भन्दै उनले कवाड व्यावसायीमाथि लाठी प्रहारबारे जवाफ दिनुपर्ने बताएका हुन्।

बुधबार प्रतिनिधि सभाको बैठकमा आकस्मिक समय लिएर बोल्दै उनले लाठी चार्जम संलग्न प्रहरीमाथि कारबाही हुनुपर्ने माग गरे ।

'म गृहमन्त्रीको जवाफ चाहन्छु । शान्तिपूर्ण जुलुस गर्ने हकको प्रयोग हुन्छ कि हुँदैन ? गृहमन्त्रीले यसमा स्पष्ट जवाफ दिनुपर्छ' उनले भने ।

प्रतिनिधि सभा सदस्य अमरेश कुमार सिंहले आन्दोलनका क्रममा प्रहरीको लाठी लागेर घाइते भएका कवाड व्यावसायीहरुको निशुल्क उपचारको माग गरे ।

कवाड व्यवसायीले काठमाडौं केन्द्रित प्रदर्शन सुरु गरेको बुधबार चौथो दिन हो ।

कवाडी संकलन गरेर जम्मा पार्ने गोदाममा बिनासूचना डोजर चलाइएको भन्दै उनीहरू गत आइतबारदेखि सडकमा आएका हुन् । यसअघि पनि उनीहरूले विभिन्न चरणमा शान्तिपूर्ण आन्दोलन गरेका थिए ।

व्यवस्थापन गर्ने नीति नलिई काठमाडौं महानगरले कवाड व्यवसायीलाई विस्थापन गराउने कदम चालेकोमा उनीहरू आक्रोशित छन् ।

हामी माइतीघर मण्डलमा जम्मा भएर प्रदर्शन गरिरहेका कवाड व्यवसायीहरु महानगरले कवाडीलाई व्यवस्थापन गर्नेतिर नलागेर किन विस्थापित गर्न खोजेको बताइरहेका छन् ।

## गृहमन्त्री...

सहकारीको सम्बन्धमा बृफिङ मागेका थिए । बिभिन्न २९ वटा सहकारीको नाम उल्लेख गरेर तिनमाथि छानबिन गर्ने गरी प्रतिनिधि सभाले गत जेठ १५ गते 'सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति' गठन गरेको थियो ।

समितिको कार्यादेशमा २० वटा समस्याग्रस्त सहकारीको नाम अनुसूची १ मा र सार्वजनिक रुपमा प्रश्न उठेका ९ वटा सहकारीको नाम अनुसूची २ मा राखिएको छ।

२९ वटै सहकारीको अवस्थाबारे जानकारी माग गरेपछि जवाफ दिने क्रममा सहकारी विभागका रजिष्ट्रार पितम्बर घिमिरेले अनुसूची १ मा रहेका २० वटा सहकारीको अवस्थाबारे बृफिङ गरे ।

२० वटा मध्ये तीन वटा सहकारीका बचतकर्ताको रकम फिर्ता भइसकेका र समस्या समाधान भएको जानकारी गराए।

अनुसूची २ मा रहेका ९ वटा मध्ये 'आईयिल यमुना बहुउदेश्यीय संस्था' मात्रै संघ मातहत रहेको र यो संस्थाको बारेमा मात्रै आफूहरुले विस्तृत जानकारी गराउन सक्ने बताए ।

'बाँकी ८ वटा सहकारी कुन प्रदेश मातहत पर्छ र कुन स्थानीय तह मातहत पर्छ त्यो हेर्नुपर्ने हुन्छ । ति सहकारका विवरणका सम्बन्धमा प्रदेश र स्थानीय तहसँग मागेर प्राप्त भएपछि बोल्न सक्छौं' घिमिरेले समितिको बैठकमा भने ।

बाँकी ८ वटा सहकारीमा ईमेज बचत तथा ऋण सहकारी संस्था लिमिटेड, सहारा बचत तथा ऋण सहकारी, समानता बचत तथा ऋण सहकारी, सानो पाइला बचत तथा ऋण सहकारी, सुर्यदर्शन बचत तथा ऋणल सहकारी, सुमेरु बचत तथा सहकारी ऋण सहकारी र स्वर्णलक्ष्मी बचत तथा ऋण सहकारी रहेका छन् ।

संघीय सरकार मातहत नपर्ने ८ मध्ये काठमाडौंको इमेज, स्वर्णलक्ष्मी, पोखराको सूर्यदर्शन, चितवनको सहारा, वीरगञ्जको सानो पाइला र नेपालगञ्जको समानता बचत तथा ऋण सहकारीमा जीबी राई जोडिएका छन् ।

यी सहकारीहरुबाट गोर्खा मिडिया नेटवर्कमा करोडौं रकम आएको र त्यो बेला हालका गृहमन्त्री लामिछाने पनि सञ्चालक तथा प्रबन्ध निर्देशक रहेकाले रकम अपचलनमा उनको पनि संलग्नता रहेको कांग्रेसको दाबी छ ।

सहकारी विभागका पदाधिकारीले यी सहकारी संघ मातहत नपर्ने बताएपछि नेपाली कांग्रेसका सांसद बद्री प्रसाद पाण्डेले काउण्टर प्रश्न गरे, ' तपाईंहरु पन्छिन खोज्नुभए जस्तो छ नि किन ?'

जवाफमा सहकारी विभागमा रजिष्ट्रार घिमिरेले 'विगतमा अदालतले समेत केही नजिर स्थापित गरेको बताए ।

'विगतमा केही सहकारीहरुका सम्बन्धमा गूनासो आयो र समस्याग्रस्त सहकारीको सूचीमा राख्न खोज्दा प्रदेश र स्थानीय तह मातहतका सहकारीको सम्बन्धमा संघीय सरकार र संघीय सरकार मातहतका निकायले निर्णय गर्न नमिल्ने भनेर रोकिदिएको छ' सहकारी मन्त्रालयका एक अधिकारीले भने। तर, कुन समयमा कुन सहकारीको समस्या कुन अदालतले यस्तो आदेश गरेको उनले खुलाएनन् ।

माओवादी केन्द्रका सांसद दाहाल सहकारी कुन सरकार मातहत रहेको भन्ने विषय समितिमा उठेको र यसले संवैधानिक र कानुनी रुपमा काम गर्न समस्या हुने कि नहुने भन्ने उठेको बताए।

'क्षेत्राधिकारको विषय आएपछि संवैधानिक र कानुनी पक्षका विषयमा चासो व्यक्त भएको छ' उनले भने ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद शिशिर खनालले प्रदेश र स्थानीय तह मातहत रहेका सहकारीको सम्बन्धमा संघीय संसदको संसदीय समितिले छानबिन गर्न मिल्ने कि नमिल्ने विषय उठेको बताए ।

'क्षेत्राधिकारको विषय उठेको छ' सांसद खनालले भने ।

बैठकमा सहकारी मन्त्री बलराम अधिकारी पनि सहभागी थिए । तर, उनी यस विषयमा मौन रहे ।

सहकारी विभागका रजिष्ट्रार घिमिरेका अनुसार तीन तहका सरकार मातहत सहकारी हेर्ने निकाय रहेका छन् ।

आफ्नो क्षेत्राधिकारभित्र पर्ने सहकारीको तत निकायले नियमन गर्छ। संघीय संसदले गठन गरेको समितिले अध्ययन गर्न मिल्छ कि मिल्दैन भन्ने विषय प्रतिनिधि सभा नियमावली र सम्बन्धित एनले तय गरे अनुसार हुने रजिष्ट्रार घिमिरेको जवाफ छ ।

नेपालको संविधान जारी हुनुभन्दा पहिले देशभरीका सहकारीको नियमन गर्ने गरी डिभिजन सहकारी कार्यालय थियो। २०७४ सालमा जारी भएको सहकारी ऐनले सहकारीलाई तीन तहको सरकार मातहत रहने गरी वर्गीकरण गरेको छ ।

पालिका भित्र मात्रै कार्यक्षेत्रभित्र रहेको सहकारी सम्बन्धित पालिका मातहत पर्दछ । दुई वा दुई भन्दा बढी पालिका कार्यक्षेत्र भएको वा एउटा प्रदेशभित्र कार्यक्षेत्र रहेको सहकारी सम्बन्धित प्रदेश मातहत पर्दछ ।

एक प्रदेश भन्दा बढी प्रदेशमा कार्यक्षेत्र भएको सहकारी संघीय सरकार मातहत रहेको छ ।

प्रमुख प्रतिपक्षी दलहरु भने सत्तारुढ दलहरू उपप्रधान तथा गृहमन्त्री लामिछानेलाई छानबिन गर्नबाट पन्छिने उपाय खोजिरहेको आरोप लगाउँछन् । यही नियतका साथ कुन सरकार मातहत रहेको भनेर प्रश्न उठेको उनीहरुको तर्क छ ।

कानुनी रुपमा जटिलता रहेको भनी उठेको विषयमा प्रष्ट भएरै अगाडि बढिने बताउँछिन् कांग्रेसकी सांसद न्यौपाने ।

यसबारे बुधबार छलफल भएको उल्लेख गर्दै उनी कानुनी रुपमा आफूहरुका लागि काम गर्न कुनै समस्या नहुने बताउँछिन् ।

'सहकारी तीन वटै सरकार मातहत रहेका छन्। तिनमा रहेको समस्यामाथि छानबिन गर्नका लागि समिति बनेको हो । नयाँ ऐन बनाउने नभएकाले कुनै पनि सहकारीमाथि छानबिन गन समस्या पर्ला जस्तो लाग्दैन्' सांसद न्यौपाने भनिन् ।

सहकारीको रकम अपचलन भएको विषयमा संघीय संसदमा निरन्तर प्रश्न उठेपछि प्रतिनिधि सभाले गत जेठ १५ गते छानबिन समिति गठन गरेको हो। समितिको सभापतिमा एमालेका सांसद सूर्य थापा छन् ।

समितिलाई तीन महिनाभित्र अनुसन्धान गरेर प्रतिवेदन बुझाउने समयसीमा दिइएको छ ।

## प्रधानमन्त्रीद्वारा...

सय जना कामदार नपठाए इजाजतपत्र नवीकरण नहुने व्यवस्था खारेज गर्न केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक संसदमा दर्ता भएपनि कार्य समय अभाव रहेकाले वैदेशिक रोजगार ऐनको दफा ८२ मा रहेको बाधा अड्काउ आदेश जारी गरी आम व्यवसायीको इजाजतपत्र नवीकरण गरेर पेशा व्यवसाय गर्न पाउने संवैधानिक हकको सुनिश्चितता हुनुपर्ने उल्लेख छ। मञ्चका अध्यक्ष धनलाल जैसीले संख्या सयको त्रासले व्यवसायी तनावमा रहेको भन्दै बाधा अड्काउ फुकाउ आदेश यथाशक्य छिटो जारी गरिदिन प्रधानमन्त्री दाहालको ध्यानाकर्षण गराए ।

प्रधानमन्त्री दाहालले विगतमा वैदेशिक रोजगार सुधारका लागि १३ बुँदे निर्देशन दिएका थिए भने श्रम गन्तव्य मुलुकहरुमा रहेका राजदूतलाई नेपाल बोलाएर नेपाली कामदार र वैदेशिक रोजगार क्षेत्रलाई व्यवस्थित गर्नुपर्नेमा जोड दिएका थिए । प्रधानमन्त्री दाहालले हाल श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले गरिरहेका काममा पनि आफूले चासो राखेको बताए ।

मञ्चले पेस गरेको ज्ञापनपत्रमा मुख्यगरी व्यवसायी र कामदारका विरुद्ध हुने ढिलासुस्ती, एकाधिकार तथा सबै प्रकारका सिन्डिकेटहरूको अन्त्य गर्दै वैदेशिक रोजगारका क्षेत्रमा देखिएका समस्या समाधानका लागि प्रधानमन्त्रीको तहबाट पहल हुनुपर्ने उल्लेख छ । वैदेशिक रोजगारमा जाने कामदार र पठाउने व्यवसायीको हक हितको संरक्षण गर्न वैदेशिक रोजगारमा ऐन तथा नियमावली सुधार, बजार प्रवर्द्धन र लागत खर्चको आधारमा कामदार पठाउँदा लिने सेवा शुल्कमा कामदारको एक महिनाको तलब बराबरको रकम लिन पाउने गरी समयानुकूल वृद्धिलगायतका माग गरेको छ ।

वैदेशिक रोजगारमा जाँदा लाग्ने कामदारको खर्च शीर्षक निर्धारण गर्न मञ्चले माग गर्दै वैदेशिक रोजगार ऐन २०६४ मा रहेका पूर्व र अन्तिम स्वीकृतिजस्ता झन्झटिला कार्यविधि हटाइ समयसापेक्ष परिवर्तन गर्न पटक-पटकको आग्रहपछि समेत ती मागहरूको प्रभावकारी सुनुवाइ हुन नसकेकाले प्रधानमन्त्रीको नै ध्यानाकर्षण गराएको मञ्चका महासचिव कुन्छादोर्जे दिमदोङले बताए ।

मञ्चले युरोपमा रहेका नेपाली दूतावास तथा नियोगले मागपत्र प्रमाणीकरण नगरेका कारण हाल आकर्षक तलब सुविधासहित नेपाली कामदारका लागि करिब ४० हजार संख्याको माग रहेको, तर दूतावासहरूको अकर्मण्यताका कारणले ती अवसर गुम्ने सम्भावना रहेकाले तत्काल प्रमाणीकरणको व्यवस्था गर्न नेपाली दूतावास तथा नियोगहरूलाई तत्कालै निर्देशन गर्न पनि माग गरेको छ ।

व्यक्तिगत श्रम स्वीकृतिको नाममा अनधिकृतरूपमा स्वीकृति दिने कार्यले मानव तस्करी बढिरहेको भन्दै ज्ञापनपत्रमा मञ्चले व्यक्तिगत श्रम स्वीकृतिको नाममा जोखिमयुक्तरूपमा विदेश पठाउने कार्यलाई तत्काल बन्द गरी संस्थागतरूपमा पठाउन निश्चित मापदण्ड बनाइ कार्यान्वयनमा ल्याउन आग्रह गरेको छ । मञ्चले युरोपेली मुलुकमा कामदार पठाउन भिसा लगाउन ठूलो रकम खर्च गरेर भारत जानुपर्ने बाध्यात्मक अवस्था रहेको भन्दै ती देशहरूको भिसा कन्सुलर शाखा नेपालमा स्थापना गर्न कूटनीतिक पहलका लागि पनि प्रधानमन्त्री दाहालको ध्यानाकर्षण गराएको छ ।

त्यस्तै मञ्चले विभिन्न शैक्षिक परामर्श केन्द्रमार्फत आवासीय वा रोजगार भिसाका नाममा मानव तस्करी र चर्को आर्थिक अपचलन पठाएका धेरै बेरोजगार नेपाली समस्यामा परेकाले त्यस प्रकारका गैरकानूनी कार्य तत्काल रोक्न, जापानको एसएसडब्लु प्रणालीका मागपत्रलाई संस्थागत मागपत्र प्रमाणीकरणको प्रवन्ध गरिदिन पनि माग गरेको छ ।

माओवादी केन्द्रका पोलिटब्युरो सदस्य तथा सांसद लेखनाथ दाहाल (राजन)को संयोजनमा भएको भेटघाटमा मञ्चका पदाधिकारी तथा सदस्यहरूको सहभागिता रहेको थियो ।

## एमाले ...

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारी, उपसचिवमा जीवन थापा मगर निर्वाचित भएका थिए। यस्तै अर्को उपसचिवमा मनिषा सुब्बा नाल्बो निर्विरोध निर्वाचित भएकी थिइन् ।

त्यस्तै लेखा समितिको अध्यक्षमा लिला बहादुर लामा तामङ निर्वाचित भएका थिए । कमिटीको सदस्य पदमा संघका प्रथम उपाध्यक्ष डिक बहादुर खत्री (कुमार), द्वितीय उपाध्यक्ष सञ्जु गुरुङ, कोषाध्यक्ष सरिता घले, संघका पूर्वमहासचिव नरेश गेलाल, व्यवसायी भिष्मराज शर्मा शिवाकोटी र लोकमणि मेयाङ्बो लिम्बू विजयी भएका थिए ।

नेकपा एमाले केन्द्रीय सदस्य तथा उद्योग व्यवसाय विशेष जिल्ला कमिटीका इन्चार्ज बालिका गिरी, उपत्यका प्रदेश कमिटी सचिवालय सदस्य तथा उद्योग व्यवसाय जिल्ला कमिटीका इन्चार्ज कृष्णकुमार अर्याल, उपत्यका प्रदेश कमिटी सदस्य तथा वैदेशिक रोजगार विशेष इलाका कमिटी इन्चार्ज टंक बहादुर राउत, नेकपा एमाले केन्द्रीय खेलकुद विभाग सदस्य सुवर्ण श्रेष्ठ, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका अध्यक्ष जनक रावलको आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो ।

राजधानीको बत्तीसपुतलीस्थित होटल इम्पेरियलमा वैदेशिक रोजगार विशेष इलाका कमिटी अध्यक्ष शिवहरी मैनाली (शितल)को अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन इलाकाका सचिव विकास बस्नेतले गरेका थिए ।

कर्णाली प्रदेश सरकार
भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय
**पूर्वाधार विकास कार्यालय**
सिमकोट, हुम्ला

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना**

**प्रकाशित मितिः २०८१/०३/०६ (सन् १९ जुन, २०२४)**

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति मिति २०८०/१२/१२ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना अनुसार तपशिलको ठेक्काहरुमा मा PPMO को E–GP Portal मा दर्ता हुन आएका बोलपत्रहरुमध्ये प्राविधिक प्रस्तावको मूल्यांकनमा निम्न अनुसारको बोलपत्रदाताहरुले प्राविधिक प्रस्तावको सर्तहरू पुरा गर्न सफल भएको हुँदा सफल बोलपत्रदाताहरुले पेश गरेको आर्थिक प्रस्ताव मिति २०८१/०३/१२ (सन् २६ जुन, २०२४) गते दिनको १:०० बजे यस कार्यालयमा खोलिने भएकोले सार्वजनिकको खरिद नियमावली २०६४ को नियम "३१ज" को उपनियम ५ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| ठेक्का न. | कामको विवरण | प्राविधिक प्रस्ताव मूल्यांकनबाट छनौट भएका बोलापत्रदाताहरु | |
|---|---|---|---|
| IDO/HUMLA/W/NCB/DB/01/2080-081 | Loti Khola Bailey Bridge , Chankheli 2-4, humla | 1 | M/S Kangri Nirman Sewa , Simikot-04 Humla |
| | | 2 | M/S RIDARC-BIRAT JV , Nakhu-04 Lalitpur |

**कार्यालय प्रमूख**
**पूर्वाधार विकास कार्यालय, हुम्ला**

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/०४/३२ मा दर्ता भएको **प्रा.लि.नं. १५४०५०/०७३/०७४** को **एस.पी.टी. ट्रेडर्स प्रा.लि.** को मिति २०८१/०२/३० को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः सन्तोष गौतम, इजाजत पत्र नं. ५५४**
**ठेगानाः काठमाडौं, फोन नं. ९८४१४४०६३८**

**हकदावी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरूले बीमालेख हराएको/नासिएकोले प्रतिलिपि बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अवधिभित्र दाबी दर्ता नभएमा निवेदकहरूको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | GLI ००१००११९१७७ | पशुपति अधिकारी | देवचुली-०१, नवलपरासी |
| २ | ULI २२७००००२७२ | ओम बहादुर घर्ती | माडी-०१, चितवन |
| ३ | ULI २२७००००१३१ | दिपेन्द्र महतो | माडी-०५, चितवन |

**हिमालयन लाइफ इन्सुरेन्स**
HIMALAYANLIFE प्रधान कार्यालय : हात्तीसार काठमाडौँ, ☎ : ०१-४४४१४१४, ५९७००५७

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभागको

**दावी विरोध सम्बन्धी सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था **श्री लाइफ कि ओभरसिज प्रा.लि. (ई.प.नं. १४३१/०६७/०६८)** को साविक ठेगाना **काठमाडौं जिल्ला, का. म. न. पा., वडा नं. ०३** लाई परिवर्तन गरी **टोखा न. पा. वडा नं. १०** कायम गर्ने गरि ठेगाना परिवर्तन गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागमा दावी विरोध गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

# कटहरिया नगरपालिकाले ल्यायो ४६ करोड ६२ लाखको बजेट

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ५ असार




रौतहटको कटहरिया नगरपालिकाले आर्थिक वर्ष २०८१/८२ का लागि ४६ करोड ६२ लाख ५४ हजार रुपैयाँ बराबरको बजेट ल्याएको छ। नगरपालिकाको बुधबार सम्पन्न नगर सभा तथा १०औं अधिवेशनमा नगर प्रमुख अजय प्रकाश जयसवालले कृषि क्षेत्रलाई विशेष प्राथमिकतामा राखिएको बताए। साथै नगरपालिकाले शिक्षा, स्वास्थ्य, खेलकुद, कृषि, यातायात, खानेपानी तथा सरसफाइ, विद्युत, भौतिक पूर्वाधार निर्माण कार्य, पर्यटन तथा संस्कृतिलगायतका क्षेत्रलाई पनि प्राथमिकतामा राखेको बताए।

नीति तथा कार्यक्रम प्रस्तुत गर्दै नगर प्रमुख जयसवालले कृषिको विकासका लागि पालिकाभित्र कृषियोग्य भूमिमा नियमित सिँचाइ गर्न नगर क्षेत्रभित्र रहेका सम्भावित खोला, सिमसारलगायत क्षेत्रमा पानीको मुहान संरक्षण, भूमिगत जलभण्डार स्थिर राख्नुका साथै पर्यटन प्रवर्द्धन र रोजगारी सिर्जना गरी नगरवासीको आर्थिकस्तर उकास्ने गरी बजेट ल्याइएको बताए।

नगर क्षेत्रमा निर्माण भएका जलाशयमा निजी क्षेत्रसँगको साझेदारीमा व्यवसाय सञ्चालन गरिने र कृषि उत्पादन एवम् उत्पादकत्व बढाउन बहुउद्देश्यीय जलाशय निर्माण गरिने भएको छ। नगरप्रमुख जयसवालले नगर सभामा उत्पादनको आधारमा विभिन्न वडालाई बाली विशेषको पकेट क्षेत्र पहिचान तथा विस्तार गरिने उल्लेख गरे। बाँझो तथा उपयोगविहीन जमिनलाई कृषि उत्पादन कार्यमा उपयोग गर्न तथा करार खेतीलाई प्रोत्साहन गर्न भूमि बैंकको अवधारणा कार्यान्वयन गरिने नगरप्रमुख जयसवालले बताए।यस्तै पर्यटन तथा संस्कृति प्रवर्द्धनका लागि कला, साहित्य, संस्कृतिको संरक्षणका साथै अध्ययन अनुसन्धानमा जोड दिइने भएको छ। पर्यटकीय सम्पदाको प्रचारप्रसार गर्न डिजिटल प्रविधिको प्रयोगमा जोड दिइने नीति तथा कार्यक्रममा उल्लेख छ। बेरोजगार युवा, वैदेशिक रोजगारीबाट फर्किएका, गरिबीको परिचयपत्र प्राप्त परिवार तथा मुक्त कमलरी, शारीरिकरूपमा अशक्त, एकल महिला परिवारलाई लक्षित गरी कृषि तथा गैरकृषिसम्बन्धी आयमूलक सीप सिकाइने पनि नीति तथा कार्यक्रममा उल्लेख छ। नगरपालिकालाई वातावरणमैत्री बनाउनका लागि धुँवारहित घोषणा गर्ने, नगर क्षेत्रको विकास तथा स्थानीयस्तरमा रोजगारी सिर्जनाका लागि लघु, घरेलु तथा साना उद्योग, कृषि र पशुपालनमा जोड दिइने प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधानले बताए। कार्यक्रममा वडा अध्यक्षहरु, वडा सदस्यहरु, कार्यपालिका सदस्यहरु, विभिन्न शाखाका प्रमुखहरु, कर्मचारीहरु, स्थानीय तथा सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो।

# विद्यालयलाई जग्गा दान गर्ने प्रअ कुशवाहा सम्मानित

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, ५ असार



रौतहटको देवाही गोनाही नगरपालिका-७ आधारभूत विद्यालय उचिडीहका प्रधानाध्यापक मुक्ति प्रसाद कुशवाहा सम्मानित भएका छन्। बुधबार विद्यालयमा आयोजित एक कार्यक्रमबीच प्रधानाध्यापक कुशवाहालाई सोही विद्यालयको व्यवस्थापन समितिले सम्मान गरेको हो।

विद्यालय भवन निर्माण गर्नका लागि केही दिनअघि मात्र प्रधानाध्यापक कुशवाहाले आफ्नो ३० लाख मूल्य पर्ने १ कठ्ठा ७ धुर जग्गा विद्यालयलाई निःशुल्क दान गरेका थिए। विद्यालय भवन निर्माण गर्नका लागि आफ्नो लाखौंको जग्गा निःशुल्क दान गरेर उदाहरणीय एवम् प्रसंशीय काम गरेको भन्दै विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापक कुशवाहालाई गम्छा ओढाएर मायाको चिनो र सम्मान पत्रसहित सम्मान गरेको हो।

बालबालिकाको भविष्यसँग जोडिएको विद्यालयजस्तो संस्थालाई जग्गा उप्लब्ध गराइ प्रधानाध्यापक कुशवाहाले एतिहासिक काम गरेको भन्दै उनलाई समितिको तर्फबाट सम्मानित गरिएको समितिका अध्यक्ष विन्देश्वरी महतोले बताए।

आधारभूत विद्यालय उचिडीहलाई लामो समयदेखि जग्गाको अभाव रहेको थियो। विद्यालय भवन निर्माणका लागि पर्याप्त जग्गा नहुँदा बालबालिकाको पढाइमा ठूलो कठिनाइ हुँदै आएको अवस्थालाई मध्यनजर गरी प्रधानाध्यापक कुशवाहाले जग्गा विद्यालयलाई उप्लब्ध गराएका हुन्।

विद्यालय भवनका लागि आफ्नो निजी जग्गा दान गरेको उच्च कदर एवम् मूल्यांकन गरी आम जनता पार्टीको देवाही गोनाही नगर कमिटी अध्यक्ष वीरवल महतोलेसमेत पार्टीको तर्फबाट उनलाई सम्मान गरेका थिए।

# कनकासुन्दरी गाउँपालिकाद्वारा बजेटका लागि सुझाव संकलन

**जुम्ला/मस-** जुम्लाको कनकासुन्दरी गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ का लागि सुझाव संकलन थालेको छ। गाउँपालिकाले पालिका स्तरका सरोकारवाला निकायहरुलाई एकै स्थानमा बोलाएर सुझाव संकलन माग गरेको प्रमुख प्रशासकीय अधिकृत दीपेन्द्र बहादुर भण्डारीले जानकारी दिए। उनका अनुसार पालिकाको विकासका लागि यहाँका राजनीतिक दल, नागरिक अगुवा, बुद्धिजीवीलगायत सरोकारवालाहरुसँग छलफल गरेर सुझाव मागिएको हो।



सुझाव संकलन कार्यक्रममा साविक जिल्ला विकास समितिका उपसभापति गौरीलाल न्यौपानेले वातावरणीय प्रभाव मूल्यांकन गरेर सडक तथा भौतिक संरचना निर्माण गर्न सुझाव दिए। उनले सिंजा सभ्यताका जगेर्ना गर्दै सामुदायिक लाभ लिने योजना छनोट गर्न अनुरोध गरे।

पूर्वगाउँपालिका उपाध्यक्ष उर्मिला खत्रीले घरेलु हिंसा न्यूनीकरण गर्न, महिलाहरुको आश्रयकेन्द्र स्थापना गर्न सुझाव दिइन्। तत्कालीन गाविसका पूर्वअध्यक्ष रणबहादुर रोकायाले स्थानीय किसानलाई अनुदान प्रदान गर्न र स्थानीय उत्पादनमा लगानी गर्न सुझाव दिए।

त्यस्तै पत्रकार महासंघ शाखा जुम्लाकी उपाध्यक्ष दिलमाया शाहीले जिल्लाको सञ्चार क्षेत्रको प्रवर्द्धन गर्ने बजेटमा जोड दिनुपर्ने बताइन्। उनले लागुऔषध नियन्त्रण, यौन दुर्व्यवहारका घटना नियन्त्रण, महिला सशक्तीकरणलगायतका कार्यक्रमहरु नीति तथा कार्यक्रममा ल्याउन सुझाव दिइन्।

स्थानीय धनलक्ष्मी तिवारीले पालिकाले दिने योजनाहरुको प्रभावकारी कार्यान्वयन नभएको गुनासो पोखिन्। योजनाहरुको उपभोक्ता समिति गठन हुँदा राजनीतिक भागबण्डा हुने कार्यको अन्त्य गर्नुपर्ने उनले सुझाव दिइन्। गाउँपालिकाको आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम र बजेटका लागि सर्वपक्षीय सुझाव संकलन गरिएको कार्यक्रममा राजनैतिक दल, सामाजिक क्षेत्रका व्यक्तिदेखि अगुवा व्यक्तिहरुले सुझाव दिएका छन्।

गाउँपालिकाका अध्यक्ष दमोदर प्रसाद आचार्यले हरेक वर्ष बजेट ल्याउनुभन्दा पहिले यहाँका सरोकारवालासँग सुझाव संकलन गर्न गरिएको बताए। उनका अनुसार सरोकारवालासँगको अन्तरक्रियापछि विषयगत शाखामा पनि यस्ता सुझाव संकलन गरिनेछ। उनले कनकासुन्दरी गाउँपालिकालाई समृद्ध बनाउनका लागि स्थानीय सरकारले एक्लै नसक्ने भन्दै सबैसँग सहकार्य गरेर जाने प्रतिबद्धता व्यक्त गरे।

गाउँपालिका उपाध्यक्ष प्रेमकली बुढाले सरोकारवाला निकायले दिएका राम्रा सुझाव ग्रहण गरिने बताइन्। उनले कनकासुन्दरीको सोचेअनुसारको विकासका लागि सबैको सहकार्य र सहयोग आवश्यक रहेको बताइन्। प्रमुख प्रशसकीय अधिकृत दीपेन्द्र बहादुर भण्डारीका अनुसार यहाँको विकासका लागि आवश्यकताका आधार बजेट ल्याउन अन्तरक्रिया कार्यक्रम गरिएको हो। उनले जनस्तरबाट आएका सुझाव ग्रहण गरी पालिकाले बजेट बनाउने बताए।


## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म/कम्पनीले चाईना/इण्डियाबाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल

| सि. नं. | मालवस्तुको विवरण | आकार प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मूलुक /राष्ट्र | ईकाई | प्रति ईकाई मूल्य | अधिकतम खुद्रा बिक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Led TV | 800*135*500 | PALSONIC | PLCX32K700 | 32” | INDIA | PCS | 12900.00 | 12900.00 | |
| २. | Led Tv | 1060*155*650 | PALSONIC | PLCX43K700 | 43” | INDIA | PCS | 23500.00 | 23500.00 | |
| ३. | Led Tv | 1060*155*650 | PALSONIC | PLCX43U900 | 43” | INDIA | PCS | 23500.00 | 23500.00 | |

ए जी आर इण्डस्ट्रीज प्रा.लि.
नयाबाटो ललितपुर
स्थायी लेखा नं ६०५९३३२७५
फोन नं ९८०१८९९९९०



“सन्तुलित वातावरण सुशासन सहितको समाजवाद उन्मूख समृद्ध नगर, कृषि, पर्यटन तथा प्रविधिमा आधारित अर्थतन्त्र विकासको आधार”

## भीमदत्त नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

## सवारी साधन खरिद सम्वन्धि सूचना

**प्रथम पटक प्रकासित मिति २०८१/०३/०६ गते**

प्रस्तूत विषय सम्वन्धमा यस भीमदत्त नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) वमोजिम उत्पादक वा अधिकृत बिक्रेता द्वारा निर्धारित दरमा (क्याटलग सपिङ) खरिद गर्ने कार्य विधि २०७४ को अधिनमा रहि देहाय वमोजिमका सवारी साधन खरिद गर्नु पर्ने भएकोले इच्छुक इजाजत प्राप्त उत्पादक वा अधिकृत बिक्रेताले आ-आफ्नो फर्म कम्पनी दर्ता तथा नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आर्थिक वर्ष २०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, आधिकारिक विक्रताको प्रमाणपत्रको प्रतिलिपि र स्वघोषणा पत्र समावेश गरी यो सूचना प्रकासित भएको मितिले सातौ दिनको कार्यालय समय भित्र उत्पादनको स्पेसिफिकेशन, गुणस्तर, मूल्य र सुविधा सहितको विवरण (कयाटलग वा व्रोसर) संलग्न राखी सिलवन्दी सहितको प्रस्ताव यस नगर कार्यपालिकाको कार्यालयमा दर्ता गराउन हुन जानकारी गराइन्छ।

| ठेक्का नं. | सावारी साधनको विवरण | सावारी साधनको विवरण |
|---|---|---|
| Catalogue Shopping / 01/080/081 | Tractor | 4WD, Gross Power 24 HP ( ±5%), PTO Rated RPM ≥ 540 RPM, Rated Engine Speed ≥ 2200 RPM, Power Steering |
| Catalogue Shopping / 02/080/081 | Tractor | 2WD, Gross Power 50 HP ( ±5%), PTO Rated RPM ≥ 540 RPM, Rated Engine Speed ≥ 2000 RPM, Power Steering |



## जापानमा रोजगार
ASIA JAPAN COOPERATIVE, JAPAN
पुर्व स्विकृति मिति: २०८१/03/05 चलानी नं. ६०२२१४४६ LT No. 306711

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब YEN | ओभर टाइम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्नेदिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 3 | 0 | सम्बन्धित कामामा दक्ष | 187264 | क.नी. अनु-सार | ८ घण्टा | ५ दिन | क.नी. अनु-सार | छैन | छैन | ३ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:** (क) नेपाली नागरीक हुनुपर्ने। (ख) प्रशिक्षार्थीको उमेर: १८ वर्ष देखि ३२ वर्ष ननाघेको हुनुपर्नेछ (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औधोगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने। (घ) कृषि सम्बन्धि कामको निमित्त सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको सहकारी वा सामुदायीक संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने। (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने। **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:** (क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औधोगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ। (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उतीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र। (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्की आएपछि पुन: काममा लगाउनेछु भनी सम्वन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र।(ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्केपछि सम्वन्धित उद्योगमा नै काम गर्ने भनी आफे कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धि कागजातको प्रतिलिपी
**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति :** स्थान यस प्रा लिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र **२) प्रशिक्षार्थीले तिर्नुपर्ने** (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कुल खर्च : जम्मा रु ५०,०००।- मात्र **३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान: अन्तरवार्ता: मेनपावर कार्यालयमा २०८१ असार १३ देखि १६ गतेसम्म हुनेछ।**
**नोट: वैदेशिक रोजगार ऐन २०६४ को दफा ९ वमोजिम महिला, दलित, आदिवासि, जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवम् दुर्गम क्षेत्र तथा दैविक प्रकोप पिडित व्यक्तिलाई नेपाल सरकारले तोक वमोजिमको संख्यामा आरक्षण प्रदान गरिनेछ।**
**वैदेशिक रोजगार विभागवाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस्। आफुले बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोस्। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोस्। ३. यस विज्ञापन सूचनामा उल्लेख भए भन्दा वढी रकम कसैलाई नदिनुहोस्। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम अनिवार्य लिनुहोस्। ५. अनिवार्य रुपमा विमा गराउनुहोस्। ६. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस्। सो को १ प्रति आफुसँग राख्नुहोस्। ७. श्रम स्वीकृतीविना वैदेशिक रोजगारीमा नजानुहोस्। वैदेशिक रोजगारीमा जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोस्। वैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस्। इजाजतप्राप्त रोजगार प्रा. लि. मा गई आवश्यक कुरा बुझ्नुहोस्। अन्यथा ठगिने सम्भावना हुन्छ। ८. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क गर्नुहोस्। ९. काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस्। १०. काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस्। ११. करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस्।**
**उम्मेदवार कडा शारिरिक परिश्रम गर्न सक्ने र जापानिज भाषा जानेको हुनुपर्नेछ।**
INTERNATIONAL PLACEMENT SERVICES PVT. LTD.
Kalanki-13, Ktm. Phone: 01-4958728 LIC.NO. 424/060/061



## कुवेतमा वैदेशिक रोजगारको अवसर
कम्पनी : CU COMPANY FOR DELIVERY CONSUMER ORDERS शहर: Kuwait
पूर्व स्वीकृत मिति:२०८१/०३/०५ चलानी नं.: ६०२२१४४७ L.T. No.: 306416

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक दा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver/car Driver/ private Car Driver | 29 | 0 | सम्बन्धित कामामा दक्ष | 135 | ५८,५९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | dispachers (Indoor) | 5 | 0 | | 100 | ४३,४०३ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार १३ गते (27 June 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

SRK ओभरसिज नेपाल प्रा. लि. साबिकको नाम (SRK नेपाल प्रा. लि)
टोखा १०, अल नेपाल हस्पिटल नजिक नमस्ते मासु पसलको छेउ
Govt. Lic. No. 1156/073/074 फोन: ०१४९६३४०३, ०१४९५७६८३, ९८१८६५८०९८, ९८०१८९४४३३



## कतारमा रोजगार
कम्पनी : AL DALLA CLEANING & TRADING शहर: DOHA
पूर्व स्वीकृत मिति:२०८०/१०/०४ चलानी नं.:६०२१३२४२ LT. No.: 298205 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 0 | 72 | स. काममा दक्ष | 1000 | ३६,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार १३ गते (27 June 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Link On International Pvt. Ltd.
श्रम इजाजत पत्र नं.: ९६७/०६७/०६८
P.O. Box : 12272, Battisputali, Kathmandu, Tel : 4471668, 4472101
Fax : 4499397, Email : hrsc@linkonint.com.np, Web : linkonint.com.np



## कतारमा रोजगार
कम्पनी: CALL V SERV SERVICES शहर: Qatar,Doha
पूर्व स्वीकृत मिति: २०८१/०३/०५ चलानी नं.: ६०२२१४४१ LT. No.: 306712

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Clean Worker | 10 | 0 | स. काममा दक्ष | 1000 | ३६,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

